Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD : 2057
25th RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक
# युगआह्वान
yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...
(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २६ | अंक: ७२ | वि.सं. २०८३ असार १० बुधवार | नेपाल संवत: ११४५, ज्येष्ठ शुक्ल दशमी | Wednesday 24 June 2026 | yugaawhan@gmail .com | पृष्ठ: ४ | मूल्य: ५ ।-

### जगदुल्ला-ए जलविद्युत आयोजना
# वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीको चरणमा प्रवेश

जगदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेड विद्युत उत्पादन कम्पनी लिमिटेडको सहायक कम्पनी हो । यो कम्पनी सन् २०१७ मा स्थापना भएको थियो । कम्पनीले जगदुल्ला जलविद्युत आयोजना १०६ मेगावाट र यसैको सिलसिलेवार (क्यास्केड) आयोजनाको रुपमा जगदुल्ला-ए निर्माण तथा सञ्चालन गर्न लागेको हो ।

**ओम शाही**
**सुर्खेत, ९ असार ।**

कर्णाली प्रदेशका तीन जिल्लामा निर्माण हुन लागेको जगदुल्ला-ए जलविद्युत आयोजना वातावरणीय प्रभाव मूल्यांकन (इआईए) प्रतिवेदन तयारीको चरणमा प्रवेश गरेको छ । जगदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेडद्वारा प्रस्तावित यो आयोजना अर्धजलाशयमा आधारित छ भने यसको जडित क्षमता १२४.३५ मेगावाट रहेन जनाइएको छ ।

शनिबार र आइतबार (६ र ७ जेठ) मा प्रभावित क्षेत्रका नागरिकसँग आयोजना कार्यान्वय गर्दा पर्न सक्ने सम्भावित प्रभावका बारेमा जानकारी दिन सार्वजनिक सुनुवाई सम्पन्न गरिएको हो । प्रस्तावित आयोजना कर्णाली प्रदेशको डोल्पा, जाजरकोट र रुकुम पश्चिम जिल्लाका तिन स्थानीय तहका ६ वडामा फैलिएको छ ।

आयोजनाको इआईए प्रतिवेदन तयारीको सिलसिलामा प्रभावित क्षेत्रका नागरिकलाई आयोजनाका बारेमा जानकारी दिई आयोजना कार्यान्वयनबाट त्यस क्षेत्रमा भौतिक, रासायनिक, जैविक, आर्थिक-सामाजिक तथा सांस्कृतिक वातावरणमा पर्न सक्ने सम्भावित प्रभावको बारेमा राय सुझाव संकलन गरिएको हो ।

आयोजनाबाट डोल्पाको मुड्केचुला गाउँपालिकाका वडा नम्बर १, २, ३ र ४, जाजरकोटको नलगाड नगरपालिका वडा नम्बर १३ र रुकुम पश्चिमको आठबिसकोट नगरपालिका वडा नम्बर ६ पत्यक्षरुपमा प्रभावित हुनेछन् । यस आयोजनाले जगदुल्ला नदीको पानी, जगदुल्ला अर्धजलाशययुक्त जलविद्युत आयोजनाबाट निस्किएको पानी र फेदी खोलाको पानी प्रयोग गर्नेछ ।

आयोजनाको बाँध स्थल डोल्पा मुड्केचुला गाउँपालिका वडा नम्बर ४ को इल गाउँ नजिक रहने छ भने विद्युतगृह जाजरकोट नलगाड नगरपालिका वडा नम्बर १३ को सल्लेबगरमा प्रस्ताव गरिएको छ । बाँधदेखि विद्युतगृहमा पानी करिव ७.५७६ किलोमिटर लामो हेडरेस सुरुङ मार्फत लगिने छ । यो हेडरेस सुरुङ मुड्केचुला गाउँपालिका वडा नम्बर ४, ३, २ र १ हुँदै नलगाड नगरपालिका वडा नम्बर १३ मा प्रस्ताव गरिएको विद्युतगृह सम्म पुग्नेछ ।



प्रस्तावित सुरुङका मुख्य तिनवटा अडिट हुनेछन् । पहिलो बाँध स्थल नजिकको मुख्य पोखरी नजिक, दोस्रो मुड्केचुला वडा नं. २ र ३ को सिमानामा पर्ने खोला नजिक र तेस्रो विद्युतगृह क्षेत्रमा पर्ने छन् । यी तिनैवटा अडिट नजिक सुरुङ खन्दा निस्केको ढुङ्गा माटो विसर्जन स्थल, कामदार शिविर, भण्डारण क्षेत्र, निर्माण सामग्री उत्खनन क्षेत्र जस्ता आवश्यक स्थायी तथा अस्थायी आयोजनाका अवयवहरु प्रस्ताव गरिएको छ ।

त्यस्तै, आयोजनाको मुख्य क्याम क्षेत्र भने बाँध र विद्युतगृह प्रस्तावित क्षेत्रमा प्रस्ताव गरिएको जगदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेडले जनाएको छ । आयोजनाको मुख्य बाँध जलदुल्ला नदीमा बन्ने र त्यसको उचाइ १९ मिटरको हुने जनाइएको छ । यस्तै, फेदी खोलाको पानी डाइभर्सन वायर मार्फत् मुख्य पोखरीमा लगिनेछ ।

नदीमा बाँध बनाएपछि करिव दुई किलोमिटर माथिसम्म डुवान क्षेत्र फैलिनेछ भने यसको क्षमता आठ लाख २० हजार घनमिटर हुने प्रारम्भिक अनुमान गरिएको छ । बाँधस्थलदेखि विद्युतगृहसम्म पानी ७.५८ किलोमिटर लामो सुरुङद्धारा ल्याइने जनाइएको छ । यस आयोजनाको नेट हेड ४६४.५२ मिटर, डिजाइन डिस्चार्ज १०.२० घन मिटर प्रतिसेकेन्ड छ ।

जगदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेड विद्युत उत्पादन कम्पनी लिमिटेडको सहायक कम्पनी हो । यो कम्पनी सन् २०१७ मा स्थापना भएको थियो । यस कम्पनीले जगदुल्ला जलविद्युत आयोजना १०६ मेगावाट र यसैको सिलसिलेवार (क्यास्केड) आयोजनाको रुपमा जगदुल्ला-ए निर्माण तथा सञ्चालन गर्न लागेको हो । आयोजना कार्यन्वयनको क्रममा रोजगारीको अवसर, स्थानीयको सिप तथा दक्षतामा वृद्धि, स्थानीय व्यापार व्यवसायमा वृद्धि, स्थानीय स्रोत र साधनको उपयोग, पहुँच सडकको स्तरोन्नति तथा सुधार, सामुदायिक विकासका गतिविधिहरुमा सहयोग लगायतका सकारात्मक प्रभाव पर्ने दावी गरिएको छ ।

त्यस्तै, भू-क्षय, पहिरो र भू-अस्थिरताको जोखिम कम हुने, सुख्खा मौसममा विद्युतको आपूर्ति, रोयल्टी वितरण, रार्ष्ट्रय विद्युत प्रसारण प्रणालीमा विद्युत थप हुने, स्थानीय क्षेत्रको विकास र शेयरको प्रावधान राखिने आयोजनाले जनाएको छ ।

प्रस्तावित आयोजना उचाइको हिसाबले माथिल्लो पहाडी क्षेत्रमा पर्दछ । जगदुल्ला नदी कान्जिरोवा हिमालबाट उत्पन्न भएको नदी हो । यस नदीको जलाधार क्षेत्रको अधिकांस भाग तीन हजार मिटरभन्दा माथिको क्षेत्रमा पर्दछ । यस नदीको न्यूनतम मासिक जल प्रवाह ७.३ घनमिटर प्रति सेकेन्ड छ भने अधिकतम मासिक प्रवाह ९६.८ घनमिटर प्रतिसेकेन्ड रहेको जनाइएको छ । आयोजना क्षेत्रमा वायुको गुणस्तर र ध्वनिको स्तर राष्ट्रिय मापदण्ड अनुरुप पाइएको जनाइएको छ । आयोजनाले स्थायी तथा अस्थायी गरी झण्डै ४७ हेक्टर जग्गा प्रयोग गर्नेछ ।

## कसरी गरिँदैछ आयोजनाबाट पर्ने असरको न्यूनिकरण ?

आयोजना कार्यान्वयन गर्दा प्रभावित क्षेत्रमा भौतिक, जैविक, सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणमा असर पर्ने जनाइएको छ । आयोजना कार्यान्वयनका क्रममा भौगोलिक भुबनोट, भू उपयोग परिवर्तन, पहुँच मार्ग निर्माण, निर्माण सामग्रीको भण्डार तथा कामदारको शिविरका कारण स्थानीयस्तरमा नकरात्मक असर पर्न सक्ने इआईए प्रतिवेदनमा उल्लेख छ ।

त्यस्तै, निजी जग्गा तथा निजी सम्पत्तिमा पर्ने प्रभाव, आयोजनाको निर्माणले बालीनालीमा क्षति, व्यावसायीक स्वास्थ्य तथा सुरक्षा सम्बन्धि जोखिम रहन सक्ने जनाइएको छ । यस्ता प्रभावलाई कम गर्न आयोजना प्रभावित क्षेत्रमा विभिन्न कार्यक्रमहरु अघि सारिएका छन् ।

जसमा अस्थायी लिजमा लिएका जग्गाहरु जग्गाधनीसँगको सहमति अनुसार पुनर्स्थापना गर्ने, उत्सिर्जित ढुङ्गा-माटोहरु तोकिएको क्षेत्रमा व्यवस्थापन गरी सो स्थानलाई हरितकरण गर्ने,

बाँकी ३ पेजमा

# अत्याधिक गर्मीले जनजीवन प्रभावित
# नेपालगञ्जका विद्यालय तीन दिन बन्द

**सरला सुवेदी**
**बाँके, ९ असार ।**




बाँकेको नेपालगञ्ज उपमहानगरपालिकामा अत्यधिक गर्मी बढ्दै गएपछि विद्यालयहरूको पठनपाठन पुनः प्रभावित भएको छ। बढ्दो तापक्रम, तातो हावा (लु) र वर्षा अभावका कारण बालबालिकाको स्वास्थ्यमा प्रतिकूल असर पर्ने जोखिम बढेपछि उपमहानगरपालिकाले असार १० देखि १२ गतेसम्म सामुदायिक तथा संस्थागत विद्यालयहरूमा तीन दिन बिदा दिने निर्णय गरेको छ ।

नेपालगञ्जउपमहानगरपालिकाको शिक्षा महाशाखाका वरिष्ठ शिक्षा अधिकृत लोकेन्द्र बहादुर शाहीका अनुसार अत्यधिक गर्मीका कारण विद्यार्थीलाई विद्यालय आउन-जान कठिनाइ हुनुका साथै स्वास्थ्यमा नकारात्मक असर पर्ने सम्भावनालाई ध्यानमा राख्दै विद्यालय बन्द गर्ने निर्णय गरिएको हो । जल तथा मौसम विज्ञान विभाग र अन्य सरोकारवाला निकायको सुझावका आधारमा उक्त निर्णय गरिएको उहाँले जानकारी दिए ।

नेपालगञ्जमा यसअघि पनि गत जेठ २६ देखि २९ गतेसम्म चार दिन विद्यालय बन्द गरिएको थियो। तर वर्षा नहुँदा र तापक्रम लगातार बढिरहेकाले पुनः विद्यालयमा बिदा दिनुपर्ने अवस्था सिर्जना भएको हो ।

पछिल्ला केही दिनयता नेपालगञ्जको तापक्रम अत्यधिक बढेको छ । दिउँसोको समयमा सडक, बजार तथा सार्वजनिक स्थलहरू सुनसान देखिन थालेका छन् । तातो हावाको बहावले दैनिक जनजीवन प्रभावित भएको छ भने सर्वसाधारण घरबाहिर निस्कनसमेत कठिनाइ महसुस गरिरहेका छन् ।

विशेषगरी विद्यालय जाने उमेरका बालबालिका बढी प्रभावित भएका छन् । बिहान विद्यालय जाँदा र दिउँसो घर फर्किंदा चर्को घाम र तातो हावाको सामना गर्नुपर्दा उनीहरूमा डिहाइड्रेसन, टाउको दुख्ने, ज्वरो आउने, चक्कर लाग्ने तथा थकान बढ्ने समस्या देखिन सक्ने स्वास्थ्यकर्मीहरूले बताएका छन् ।

त्यस्तै, नेपालगञ्जका धेरै विद्यालयमा टिनको छाना भएका भवनहरू रहेका छन् । अत्याधिक गर्मीका बेला यस्ता कक्षाकोठाभित्र तापक्रम झन् बढी हुने भएकाले विद्यार्थी र शिक्षक दुवैलाई लामो समयसम्म बस्न कठिन हुने गरेको छ ।

कतिपय विद्यालयमा पंखा र पर्याप्त शीतल वातावरणको व्यवस्था नहुँदा पठनपाठन प्रभावकारी रूपमा सञ्चालन गर्न समस्या भइरहेको विद्यालय व्यवस्थापन पक्षले जनाएको छ । गर्मीका कारण विद्यार्थीहरूको ध्यान केन्द्रित हुन नसक्ने, कक्षामा बस्न असहज हुने तथा सिकाइ उपलब्धिमा समेत असर पर्ने अवस्था देखिएको छ ।

अत्याधिक गर्मीको असर विद्यालयमा मात्र सीमित छैन। निर्माण क्षेत्र, कृषि कार्य, यातायात तथा अन्य श्रममुखी पेशामा संलग्न मजदुरहरू पनि उच्च जोखिममा परेका छन् । दिउँसोको चर्को घाममा लगातार काम गर्दा शरीरमा पानीको मात्रा कम हुने, अत्यधिक थकान हुने, रक्तचाप असन्तुलित हुने तथा 'हिट स्ट्रोक' जस्ता गम्भीर स्वास्थ्य समस्या हुन सक्ने चिकित्सकहरूले चेतावनी दिएका छन् ।

स्वास्थ्यकर्मीहरूले अत्यावश्यक कामबाहेक दिउँसो ११ बजेदेखि ४ बजेसम्म घरबाहिर ननिस्कन, पर्याप्त पानी तथा झोलिलो पदार्थ सेवन गर्न, हल्का र सुती कपडा लगाउन तथा बालबालिका, ज्येष्ठ नागरिक र बिरामीहरूको विशेष हेरचाह गर्न आग्रह गरेका छन् । मजदुर तथा श्रमिकहरूलाई पनि सकेसम्म बिहान र साँझको समयमा काम गर्ने, बीच-बीचमा विश्राम लिने तथा शरीरमा पानीको कमी हुन नदिन सुझाव दिइएको छ ।

विज्ञहरूका अनुसार जलवायु परिवर्तनका कारण पछिल्ला वर्षहरूमा तराई क्षेत्रमा गर्मीको

बाँकी ३ पेजमा

लामखुट्टेको टोकाइबाट बचौं र बचाऔं

- घर वरिपरि पानी जम्न नदिऔं,
- सुत्दा अनिवार्य रूपमा झुल/मच्छरदानी प्रयोग गरौं,
- लामखुट्टेबाट बच्न पूरा शरीर ढाकिने कपडा लगाऔं,
- घर तथा वातावरण सफा र स्वच्छ राखौं,
- झ्याल-ढोकामा जालीको प्रयोग गरौं,
- डेंगु, मलेरिया जस्ता रोगका लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- फोहोर व्यवस्थापनमा ध्यान दिई लामखुट्टे बढ्न नदिऔं,
- समुदायस्तरमा सरसफाई अभियान सञ्चालन गरौं ।

सचेतना र सरसफाई नै सुरक्षित जीवनको आधार हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा
Bhawani Auto Workshop Birendranagar-Surkhet
९८५८०५५६२९
९८५१३२९१६९
९८४१३२१४४२
भवानी अटो वर्कसप
वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत
TOYOTA BYD Mahindra FORCE ISUZU FOTON TATA
Servicing | Repair | Denting | Panting | Washing

हाम्रा सेवाहरु
✔ गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
✔ चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
✔ बाटोमा, घरमा गाडी बिग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
✔ डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
✔ गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
✔ सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।



## सम्पादकीय....

# व्यवहारमा कृषिलाई प्राथमिकता कहिले ?

कर्णाली प्रदेशको कृषि क्षेत्रबारे नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको आर्थिक वर्ष २०८२/८३ को अर्धवार्षिक प्रतिवेदनले आशा कम चुनौती बढ्ता देखाएको छ। गत वर्ष खाद्य बालीले ढाकेको क्षेत्रफल ५.२० प्रतिशतले घटेको अवस्थामा चालु वर्षको पहिलो ६ महिनामा त्यो क्षेत्रफल ०.३७ प्रतिशतले बढ्नु सकारात्मक संकेत हो। मकै, जौ, फापर, गहुँ र कोदो खेती विस्तार हुनु तथा प्रमुख खाद्य बालीको उत्पादन वृद्धि हुनु उत्साहजनक पक्ष हुन्। विशेषतः जौको उत्पादन १३.७४ प्रतिशतले बढ्नु हिमाली भूभागका लागि महत्वपूर्ण उपलब्धि हो। तर, यी तथ्यांकले कृषि क्षेत्रको वास्तविक चुनौतीलाई ढाक्न सक्दैनन्। धान खेतीको क्षेत्रफल २.९४ प्रतिशतले घट्नु कर्णालीको खाद्य सुरक्षाका लागि चिन्ताजनक विषय हो। तरकारी, बागबानी र फलफूल खेतीको क्षेत्रफल केही बढे पनि उत्पादन घटेको छ। सुन्तला, केरा र स्याउजस्ता कर्णालीका पहिचानयुक्त फलफूलको उत्पादनमा आएको गिरावटले बजार, प्रविधि र व्यवस्थापनमा रहेको कमजोरी उजागर गर्छ। गत वर्ष उल्लेखनीय वृद्धि भएको फलफूल उत्पादन यस वर्ष घट्नु अस्थिर कृषि प्रणालीको संकेत हो।

जिल्लागत असमानता पनि स्पष्ट देखिन्छ। सुर्खेत खाद्य बालीमा अगाडि छ भने जुम्ला फलफूलमा अग्रणी छ। सल्यान तरकारी तथा मसला खेतीको केन्द्र बनेको छ। तर, हुम्ला, डोल्पा र मुगुजस्ता जिल्लामा कृषि विस्तार अत्यन्त न्यून छ। यसले कर्णालीभित्रै कृषि अवसर र पूर्वाधारको ठूलो अन्तर रहेको पुष्टि गर्छ। प्रतिवेदनले औंल्याएका संरचनात्मक समस्या अझ गम्भीर छन्। सिँचाइ, सडक, भण्डारण, बजार पहुँच र कृषि प्रविधिको अभावले उत्पादन क्षमता सीमित बनाएको छ। युवा विदेश पलायनका कारण श्रमिक अभाव बढ्दो छ। उन्नत बीउ, मल, प्राविधिक सेवा र रोग व्यवस्थापनमा कृषकको पहुँच अझै कमजोर छ। यी समस्या समाधान नगरी कृषि उत्पादनमा दीर्घकालीन सुधार सम्भव छैन। सबैभन्दा चिन्ताजनक तथ्य कृषि कर्जा ५.०७ प्रतिशतले घट्नु हो। कृषि क्षेत्रलाई आधुनिक र व्यावसायिक बनाउन लगानी आवश्यक पर्ने बेला बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कर्जा घट्नु नीतिगत कमजोरीको संकेत हो। अझ सिँचाइ शीर्षकमा एक रुपैयाँ पनि कर्जा नजाने अवस्था अत्यन्त विडम्बनापूर्ण छ। कर्णालीको कृषि सम्भावना उपयोग गर्न सिँचाइमा ठूलो लगानी अपरिहार्य छ। अब कर्णालीले अनुदान वितरणको पुरानो शैलीभन्दा परिणाममुखी कृषि रूपान्तरणमा जोड दिनुपर्छ। सिँचाइ विस्तार, कृषि सडक, शीतभण्डार, बीउ उत्पादन, प्राविधिक सेवा र युवामुखी कृषि उद्यमलाई प्राथमिकता दिन आवश्यक छ। स्थानीय विशेषता अनुसार फलफूल, जडीबुटी, पशुपालन र उच्च मूल्यका बालीमा केन्द्रित रणनीति अपनाइए मात्र कर्णालीको कृषि आत्मनिर्भरता र रोजगारी सिर्जनाको बलियो आधार बन्न सक्छ। कर्णालीले कृषि क्षेत्रलाई परम्परागत निर्वाहमुखी सोचबाट बाहिर ल्याउनुपर्छ। उन्नत बीउबिजन, प्राविधिक सेवा, मल, रोग नियन्त्रण, सिँचाइ र बजार व्यवस्थापनलाई एकीकृत रूपमा अघि बढाउन आवश्यक छ। स्थानीय तह, प्रदेश सरकार, बैंक तथा सहकारीबीच समन्वित कार्यक्रम सञ्चालन गर्न सके मात्रै कृषि युवाका लागि रोजगारी र आयको भरपर्दो आधार बन्न सक्छ। अन्यथा तथ्यांकमा देखिने सामान्य सुधारले कर्णालीको कृषि संकट समाधान गर्ने छैन। यसतर्फ सम्बन्धित निकायले ध्यान देउन्। कर्णालीको कृषिलाई नीतिमा मात्रै प्राथमिकता दिएर मात्र केही हुनेवाला छैन। नीति अनुरुप कृषि क्षेत्रलाई व्यवहारमा लागु गर्नसके मात्रै रुपान्तरण सम्भव छ।

## विश्व

# तृणमूल काङ्ग्रेसमा विद्रोह गहिरिँदै, पार्टी अध्यक्षमा रोय चयन

**कोलकाता, ९ असार ।** पश्चिम बङ्गालको राजनीति तीव्र रूपमा तातिँदै गएको बेला तृणमूल काङ्ग्रेस (टीएमसी) भित्र ठूलो विद्रोह देखिएको छ र कम्तीमा ५८ विधायकहरूले नेतृत्वविरुद्ध मोर्चा खोलेर नयाँ सङ्गठनात्मक संरचना घोषणा गरेका छन्। सोही क्रममा पार्टीको नयाँ अध्यक्षका रूपमा अरूप रोयलाई चयन गरिएको घोषणा गरिएको छ।

विद्रोही समूहका अनुसार सोमबार आयोजित विशेष सत्रमा सर्वसम्मत निर्णयमार्फत ३० सदस्यीय राष्ट्रिय कार्यसमिति गठन गरिएको हो। विपक्षका नेता ऋतब्रत बनर्जीले नयाँ संरचनाको घोषणा गर्दै अरूप रोयलाई पार्टी अध्यक्ष चयन गरिएको जानकारी दिए। समितिमा फिरहाद हाकिम, अरूप बिस्वास, रथिन घोष, सबिना यास्मिन, जावेद खान, सन्दिपन साहा लगायतका नेताहरू समावेश छन् भने उपाध्यक्षहरूमा फिरहाद हाकिम, अरूप बिस्वास, रथिन घोष र सबिना यास्मिन रहेका छन्। नयाँ नेतृत्व घोषणा गर्दै ऋतब्रत बनर्जीले पूर्व मुख्यमन्त्री ममता बनर्जीलाई पार्टीको मार्गदर्शक वा सल्लाहकार भूमिकामा रहन आग्रह गरिएको बताए। उनले 'दिदीले गुरुको भूमिका निभाएर मार्गदर्शन गर्नुपर्छ' भन्ने धारणा दोहोऱ्याए।

यस घटनालाई टीएमसीको ८० मध्ये ५८ विधायकहरू सहभागी विद्रोहको विस्तारित रूपका रूपमा हेरिएको छ र यसले पार्टीभित्र शक्ति सङ्घर्षलाई खुला रूपमा सतहमा ल्याएको छ। विद्रोही समूहले पश्चिम बङ्गाल विधानसभा विपक्ष नेताको भूमिकामा पनि परिवर्तन गर्दै ऋतब्रत बनर्जीलाई समर्थन गरेको छ।

नयाँ अध्यक्ष बनेपछि प्रतिक्रिया दिँदै अरूप रोयले संक्षिप्त रूपमा 'काम गर्नेछु' भन्दै पार्टी पुनर्संरचनामा आफू सक्रिय रहने सङ्केत गरे। तर पार्टीभित्रको यो विभाजनप्रति पुरानो नेतृत्व पक्षबाट कडा प्रतिक्रिया आएको छ। सांसद सौगत रोयले विद्रोही समूहका नेताहरूलाई बाहिरबाट आएका व्यक्ति भन्दै प्रश्न उठाए। उनका अनुसार टीएमसीको स्थापना ममता बनर्जीले गर्नुभएको हो र वर्तमान विवादले सङ्गठनको मूल पहिचानमै चुनौती खडा गरेको छ।

यसैबीच पार्टीको वित्तीय र सङ्गठनात्मक नियन्त्रणलाई लिएर पनि विवाद चर्किएको छ। पूर्वकोषाध्यक्ष अरूप बिस्वासले बैंक खाता सञ्चालनमा तत्काल रोक लगाउन माग गर्दै पार्टी कोषको प्रयोगबारे प्रश्न उठाए। विद्रोही पक्षले भने कोषको स्रोत र व्यवस्थापनबारे छानबिनको माग गरेको छ भने अर्को पक्षले अनियमित रूपमा निकालिएको रकम फिर्ता गर्नुपर्ने अडान लिएको छ।

राजनीतिक तनाव केवल राज्यसम्म सीमित नरही राष्ट्रिय स्तरसम्म फैलिएको देखिन्छ र केही टीएमसी सांसदहरूले अर्को राजनीतिक समूहमा समाहित हुने निर्णयपछि पार्टी नेतृत्व थप दबाबमा परेको छ। यसरी पार्टीभित्रको नेतृत्व, सङ्गठन र कोष व्यवस्थापनलाई लिएर विवाद गहिरिँदै जाँदा टीएमसीको आन्तरिक एकता ठूलो प्रश्नचिह्नमा परेको छ।

# पत्रकारितामा लेखनवृत्ति अभ्यास



केशव निरौला

> "सामान्य लेखमा 'फलानो पालिकाको शैक्षिक अवस्था' जस्तो बृहत् विषय चयन गर्न सकिएला। यस्तो लेखनमा सतही विषय आउने हुँदा बृहत् क्षेत्र ओगट्ने प्रयत्न गर्नु ठिकै हो।

नेपाली पत्रकारिता क्षेत्रमा पछिल्लो समय लेखनवृत्ति (फेलोसिप) कार्यक्रम निकै प्रभावकारी र प्राज्ञिक लेखनकेन्द्रित बन्दै गएको छ। विभिन्न सरकारी निकाय, गैरसरकारी सङ्घसंस्था र पत्रकारितासम्बद्ध पेसागत सङ्गठनले पत्रकारका लागि लेखनवृत्ति उपलब्ध गराउने गरी विभिन्न कार्यक्रम सुरु गरेका छन्। सरकारी तहबाट प्रदान गरिने लेखनवृत्तिलाई व्यवस्थित र नतिजामुखी बनाउने सबालमा कोशी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानुन मन्त्रालयको भर्खरैको अभ्यासलाई एउटा बलियो उदाहरणका रूपमा लिन सकिन्छ। मन्त्रालयले स्वीकृत 'पत्रकार लेखनवृत्ति कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०८२' बमोजिम यस वर्ष पनि सुशासन अभिवृद्धि र प्रादेशिक विषयका खोजमूलक सामग्री उत्पादनका लागि ५१ जना क्रियाशील पत्रकारलाई अन्तिम रूपमा छनोट गरेर जिम्मेवारी दिइसकेको छ। प्रदेश सरकार जस्तै अन्य निकायबाट समेत लागु भइरहेका लेखनवृत्तिसम्बद्ध कार्यक्रमले ओझेलमा परेका मुद्दा उजागर गर्ने र पत्रकारिता जगत्लाई थप व्यावसायिक बनाउने उद्देश्यमा सुखद् सुरुवात गरेको ठान्नु पर्छ। यसरी प्राप्त हुने फेलोसिप कुनै बिनाउद्देश्यको 'आर्थिक सहायता' वा 'परोपकार' भने पक्कै होइन। समाजका गम्भीर र नीतिगत रूपमा सम्बोधन हुनुपर्ने विषयको तथ्यपरक एवं खोजमूलक सामग्री तयार पार्न लेखक वा पत्रकारलाई दिइने एउटा बौद्धिक प्रोत्साहन हो। श्रमको सम्मानका रूपमा मात्र नभई पत्रकारिता क्षेत्रमा नवप्रवर्तनका रूपमा पनि लेखनवृत्तिलाई लिनुपर्ने हुन्छ।

### व्यावहारिक अभ्यास र चुनौती

सनातनी पत्रकारितामाझ भर्खरै मात्र अभ्यासमा आएकाले पनि हुन सक्छ, लेखनवृत्तिको वास्तविक मर्म बुझेर कलम चलाउने पत्रकारको सङ्ख्या निकै कम देखिन्छ। कतिपय पत्रकारले लेखनवृत्तिलाई एउटा सामान्य अखबारी लेख वा सम्बन्धित सरकार/पालिका/निकाय/संस्थाका योजनाको सूची र प्रमुखको भाषण सार्ने अवसरका रूपमा मात्र बुझेको पाइन्छ। संस्थागत 'मुखपत्र' का सबै जसो कुरालाई हुबहु समेटेर तथा त्यसैका आधारमा व्याख्या विश्लेषण गरेर मात्र फ्लोसिप प्रतिवेदन बुझाउने प्रवृत्ति बढेको पाइन्छ। यस्तो साधारण प्रवृत्तिले गर्दा न त लेखनवृत्तिको गरिमा बढ्छ, न त संस्थागत लगानीकै सही सदुपयोग हुन सक्छ। आजको डिजिटल दुनियाँमा पाठकले 'कहाँ के भयो र के हुँदै छ ?' भन्ने कुरा तत्कालै सामाजिक सञ्जालबाट समेत थाहा पाइहाल्छन्। भोलिपल्टको छापा माध्यम वा अनलाइनमा त्यही सूचना दोहोऱ्याउनुले कुनै अर्थ नहुने हुँदा खोज पत्रकारिताको विकल्प देखिँदैन।

पत्रकारिता टिकिरहने र समाजलाई गति दिने भनेकै गहिरो खोजमूलक सामग्रीले हो। त्यही खोजमूलक सामग्रीको बलियो स्रोत र वैज्ञानिक विश्लेषणलाई आधार दिने काममा लेखनवृत्तिले सहयोग पुऱ्याइरहेका हुन्छन्। फेलोसिप भन्ने बित्तिकै कसैको प्रचार गर्ने माध्यम बनाउने होइन, समाजका भित्री पाटालाई अनुसन्धानमूलक रूपमा केलाउने र सत्यतथ्य अन्वेषण गर्ने खोजी कार्यका रूपमा उपयोग गर्नु पर्छ।

### विधागत विशिष्टता

लेखनवृत्ति प्रदान गर्ने संस्थाको उद्देश्य अनुसार फेलोसिपका पनि भिन्न भिन्न शैलीको उपयोग हुन सक्छ। सरकारी निकाय भए कुन तहको सरकारबाट कस्तो प्रकारको लेखनवृत्ति प्राप्त भएको छ, त्यही अनुसार सामग्रीको प्रकृति र विधा निर्धारण हुनु पर्छ। स्थानीय सरकार (पालिकास्तर) ले दिने लेखनवृत्ति मुख्यतः भुइँ तहका मुद्दा र स्थानीय विकास/मुद्दामा केन्द्रित हुनु पर्छ। यस्तोमा सामान्य विकासे तथ्याङ्क मात्र भरेर पुगैन, बरु स्थानीय ज्ञान, संस्कृति, सफल अभ्यास वा कृषि र पर्यावरणमा आएको रैथाने सङ्कटलाई मानवकेन्द्रित ढाँचामा प्रस्तुत गरिनु पर्छ। यस्तो अवस्थामा स्थानीय सरकारको नीति तथा कार्यक्रमले एउटा सीमान्त वर्ग विशेषको नागरिकमा पारेको प्रभावलाई प्रत्यक्ष बुझ्न सकियोस्।

प्रदेश र केन्द्र सरकारस्तरको लेखनवृत्तिको क्षेत्राधिकार अलि फराकिलो र नीतिगत रूपमा राष्ट्रिय तथा अन्तरजिल्ला समन्वयसँग जोडिएको हुन्छ। प्रदेशको लेखनवृत्तिले अन्तरजिल्लामा बसाइँसराइको चक्र, प्रादेशिक गौरवका आयोजनाको अवस्था वा प्रदेश सरकारले ल्याएका विशेष नीतिको तल्लो तहमा देखिएको प्रभावकारिताको तुलनात्मक विश्लेषण माग्छ। यहाँ प्रदेशको माग र आवश्यकता अनुसार नीति निर्मातालाई सहयोग पुग्ने गरी समस्या र चुनौतीको पनि साङ्गोपाङ्गो अध्ययन गर्न सकिन्छ। सङ्घीय सरकार वा केन्द्रीय मन्त्रालयले दिने लेखनवृत्ति सङ्घीयता कार्यान्वयनका कानुनी जटिलता, वित्तीय सुशासन, जलवायु परिवर्तनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रभाव, विधागत खोज जस्ता राष्ट्रिय मुद्दामा केन्द्रित हुनु राम्रो मानिन्छ। यो सामग्री बढी मात्रामा नीतिगत समीक्षा, अर्धप्राज्ञिक वा पूर्ण शोधपत्रको ढाँचामा, उच्चस्तरको तथ्याङ्क र अकाट्य प्रमाणसहित प्रस्तुत गरिनु पर्छ।

### प्राज्ञिक अवयव

कुनै पनि स्तरीय फेलोसिप वा लेखनवृत्ति अन्तर्गतको लेख भनेको गफ वा भावनामा बहेर लेखिने सतही निबन्धात्मक स्वरूप होइन। लेखनवृत्ति अन्तर्गतका सामग्री हतार हतार गरेर एक/दुई दिनभित्रै तयार हुने कुनै सामान्य समाचारका वर्गमा पर्दैनन्। यो त एउटा स्थापित अनुसन्धान पद्धतिका आधारमा लेखिने प्राज्ञिक एवं खोजमूलक दस्ताबेज हो। फेलोसिपको मूल आत्मा नै 'खोज' भएकाले पत्रकारले अनुसन्धानकर्ताको जस्तो धीरतासहित वैज्ञानिक विधि अपनाउनु पर्छ। एउटा स्तरीय फेलोसिप सामग्रीमा अनुसन्धानका प्रमुख अवयव अनिवार्य रूपमा समाविष्ट हुनु उत्तम मानिन्छ। सुरुवाती चरणमा अनुसन्धानको क्षेत्र र त्यसको सीमालाई प्रस्ट पार्ने एउटा स्पष्ट शीर्षकबाट अनुसन्धान सुरु गरिन्छ। सामान्य लेखमा 'फलानो पालिकाको शैक्षिक अवस्था' जस्तो बृहत् विषय चयन गर्न सकिएला। यस्तो लेखनमा सतही विषय आउने हुँदा बृहत् क्षेत्र ओगट्ने प्रयत्न गर्नु ठिकै हो। फेलोसिपमा यस्तो बृहत् स्वरूपको शीर्षकलाई विशिष्ट बनाउनु उपयुक्त हुन्छ। यसका लागि त्यही शीर्षकलाई पनि 'सामुदायिक विद्यालयमा प्राविधिक शिक्षाका लागि विनियोजित बजेट र कार्यान्वयमा हुने कठिनाइ' जस्तो विशिष्ट विषय बनाइनु उत्तम ठहर्छ। यस अर्थमा प्राज्ञिक लेखनको शीर्षक अलि लामो आयाम भए पनि विशिष्टीकृत मुद्दामा मात्र केन्द्रित हुनु पर्छ।

शीर्षक चयन भएपछि लेखको सुरुवातमै आफूले अध्ययन गर्न खोजेको मुख्य समस्या वा नीतिगत रिक्तता के हो र त्यो समाजका लागि किन चुनौती बनिरहेको छ भन्ने कुरा वस्तुगत रूपमा लेखिनु पर्छ। यी कुरालाई समस्या कथनमा उठान गरिन्छ। शीर्षक सुहाउँदो समस्या पहिचान भइसकेपछि लेखकले कुन विधि (गुणात्मक, परिमाणात्मक वा मिश्रित विधि) प्रयोग गरेर अध्ययन गर्ने हो र सूचना कसरी सङ्कलन गरिन्छन् भन्ने कुरा अनुसन्धानको ढाँचा र विधि अन्तर्गत प्रस्ट खुलाउनु पर्छ। अध्ययन प्रक्रियामा तथ्य र तथ्याङ्कलाई जस्ताको तस्तै राख्नु उचित हुँदैन। तिनलाई विद्यमान कानुन र पूर्वअध्ययनसँग दाँजेर नतिजा र गहन छलफलको खण्डमा तिनको सूक्ष्म विश्लेषण र विमर्श गरिनु राम्रो हुन्छ। अन्त्यमा समग्र अध्ययनको मुख्य निचोड निकाल्दै निष्कर्ष र समाधानमुखी सुझाव दिनु अनिवार्य ठानिन्छ।

### अन्तर्राष्ट्रिय परम्परा

प्राज्ञिक मापदण्ड र कडा अनुशासनकै कारण अन्तर्राष्ट्रियस्तरमा फेलोसिप लेखन निकै शक्तिशाली मानिन्छ। विकसित मुलुकमा खोजमूलक पत्रकारिता बलियो हुने प्रमुख कारण पनि स्वतन्त्र फेलोसिप लेखनमा प्रश्रय दिएकै कारण हो। अमेरिकाको प्रसिद्ध पुलित्जर सेन्टरले विश्वभरका पत्रकारलाई यस्तै कडा अनुसन्धानमुखी ढाँचामा सङ्कटग्रस्त मुद्दाको खोजमूलक रिपोर्टिङका लागि आकर्षक अनुदान दिने गरेको छ। बेलायतको 'दी ब्युरो अफ इन्भेस्टिगेटिभ जर्नलिजम्' र 'विश्वव्यापी अनुसन्धानात्मक पत्रकारिता सञ्जाल' (जिआइजेएन) जस्ता संस्थाले विश्वव्यापी रूपमा फेलोसिप र प्राविधिक सहयोग दिएर शासकीय बागडोर समाल्नेलाई जबाफदेही बनाइरहेका छन्।

हार्वर्ड विश्वविद्यालयको 'निमैन फेलोसिप' र 'रोयटर्स इन्स्टिच्युट फर दी स्टडी अफ जर्नलिजम्' ले पत्रकारलाई निश्चित अवधिको फेलोसिप दिएर यस्तै गहन अनुसन्धानमा सक्रिय गराउँछन्। यी विश्वव्यापी अभ्यासका माझ नेपालमा पनि नेपाल पत्रकार महासङ्घ, मिडिया तथा पत्रकारिता पढाइ हुने विभिन्न विश्वविद्यालय, प्रेस काउन्सिल नेपाल र गैरसरकारी निकायले सरकारी प्रयाससँगै यस्तै प्राज्ञिक र स्वतन्त्र फेलोसिपको दायरा बढाउनु जरुरी भइसकेको छ।

### व्यावसायिक मर्यादाको सवाल

राज्यको चौथो अङ्ग मानिने पत्रकारिता क्षेत्रमा लेखनवृत्तिको आवश्यकता र फाइदालाई बहुआयामिक दृष्टिकोणबाट विवेचना गर्नुपर्ने हुन्छ। यसको सबैभन्दा ठुलो फाइदा पत्रकारलाई 'वित्तीय सशक्तीकरण' र 'समयको स्वतन्त्रता' दिनु हो। दैनिक समाचारको हतारोबाट मुक्त भएर एउटै विषयमा हप्तौँ वा महिनौँ लगाएर अनुसन्धान गर्न फेलोसिपले पक्कै पनि आर्थिक भरोसा दिएकै हुन्छ। यसले गर्दा मिडिया बजारमा 'डेस्क जर्नलिजम्' वा 'कपीपेस्ट' प्रवृत्तिको अन्त्य भई गुणस्तरीय र ओझेलमा परेका सामग्री उत्पादन हुन्छन्। यसै गरी फेलोसिपले पत्रकारको पेसागत उन्नयन र विधागत दक्षता बढाउन पनि सहयोगीको भूमिका निर्वाह गर्छ। फेलोसिपकै कारण अनुसन्धानकर्ता (पत्रकार) पनि स्वास्थ्य, शिक्षा, पर्यावरण, कानुन, कृषि, सञ्चार र प्रविधि जस्ता विधामा विज्ञ हुन सक्छ। यसले पत्रकारिताको समग्र बौद्धिक स्तरलाई अझ माथि उठाउँछ भने सार्वजनिक सरोकारका विषयमा सरोकारित पक्षलाई थप जवाफदेही बनाउन सहयोग गर्छ। फेलोसिपको आधारमा हुने अनुसन्धानबाट नीतिगत पक्ष र कार्यान्वयबिचको यथार्थता पनि सजिलैसँग उजागर हुने गर्छ। *(गोरखापत्र)*

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |

## आजको राशिफल

**मेष:** सहयोगीहरू प्रतिस्पर्धामा उत्रिन सक्छन्। ईर्ष्या गर्नेहरूले काममा अवरोध पुर्याउलान्। सोझोपनको फाइदा अरूले उठाउन सक्छन्।

**वृष:** मिहिनेत गर्दा विशेष अवसर प्राप्त हुनेछ। लक्ष्यअनुसार काम सम्पादन हुनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ।

**मिथुन:** पुरानो सम्झौता तोड्नुपर्ने आवश्यकता पर्न सक्छ। दिगो योजनाका साथ अघि बढ्दा बिस्तारै लाभ मिल्नेछ।

**कर्कट:** सबैलाई समेटेर काम लिन नसक्दा पछि परिनेछ। समयको तालमेल नमिल्दा योजना अधुरै रहनेछ। ईर्ष्या गर्नेहरू सक्रिय रहनेछन्।

**सिंह:** बोलीको प्रभाव बढ्नेछ भने चिताएको काम सजिलै सम्पादन हुनेछ। आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ।

**कन्या:** कामना पूर्ण हुनेछ भने रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्न सक्छ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ।

**तुला:** केही पाउन केही वस्तु त्याग्नुपर्ला। रमाइलो भ्रमणका लागि प्रयत्न गर्ने समय छ। टाढाका साथीभाइले काममा साथ दिनेछन्।

**वृश्चिक:** प्रयत्न गर्दा आयस्रोत बढाउन सकिनेछ। व्यापारमा अड्किएको रकम उठ्नेछ। भविष्यका लागि केही लगानी बढाउन सकिनेछ।

**धनु:** कामको सन्दर्भमा प्रतिष्ठित व्यक्तिहरूसँग सहकार्य गर्ने अवसर जुट्नेछ। तर विगतका कमजोरी बाहिर आउनाले समस्या पर्ला।

**मकर:** रोकिएका काम सम्पादन हुनेछन् भने मिहिनेतले लक्ष्यमा पुर्याउनेछ। सानो प्रयत्नले धेरैको भलाइ हुन सक्छ।

**कुम्भ:** स्वास्थ्यका लागि आहार-विहारमा अलि सजग रहनुपर्ने समय छ। व्यस्तता बढ्नेछ भने शारीरिक समस्याले कमजोरी अनुभूति हुनेछ।

**मीन:** तत्कालको फाइदा हेर्दा परिस्थिति बिग्रन सक्छ। काममा आंशिक लाभ भए पनि केही समस्या बढ्नेछन्। विवादास्पद कामले समस्या निम्त्याउने

# सार्वजनिक यातायातमा प्रविधिको निगरानी



**◣युग संवाददाता**
**काठमाडौँ, ९ असार ।**

काठमाडौँ उपत्यकामा सञ्चालन हुने सार्वजनिक सेवाका सवारीसाधनलाई थप सुरक्षित, व्यवस्थित र यात्रुमैत्री बनाउने उद्देश्यले प्रविधिको प्रयोगमा जोड दिइएको छ । हालसम्म काठमाडौँ उपत्यकामा तीन हजार ३०३ वटा सार्वजनिक सेवाका सवारीसाधनमा ड्यासक्यामेरा, सिसीक्यामेरा तथा जिपिएस प्रणाली जडान गरिएको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयले जानकारी दिएको छ ।

उपत्यकामा सञ्चालित सार्वजनिक यातायातका साधनमा यात्रुको सुरक्षा, सवारी व्यवस्थापन तथा निगरानी प्रभावकारी बनाउन ड्यासक्यामेरा, सिसीक्यामेरा र जिपिएस प्रणाली अनिवार्य जडान गर्नुपर्ने व्यवस्था लागू भएको छ ।

यातायात व्यवस्था विभाग र ट्राफिक प्रहरीले सार्वजनिक सवारीसाधनमा उक्त प्रविधि जडान भए/नभएको विषयमा नियमित अनुगमन गर्न थालेपछि यातायात व्यवसायीहरूले पनि जडानलाई प्राथमिकता दिएका छन् ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सुरेशप्रसाद काफ्लेले सार्वजनिक यातायातमा हुने यात्रुमाथिको दुर्व्यवहार, बढी भाडा असुली, सवारी सञ्चालनको अवस्थालगायत विषयको निगरानी तथा नियन्त्रणका लागि क्यामेरा र जिपिएस प्रणाली प्रभावकारी हुने बताए ।

उनले भने, "गाडीमा यात्रुलाई बढी भाडा लिने, यात्रुसँग हुने दुर्व्यवहार नियन्त्रण गर्न यो प्रणालीले निकै सहज बनाउने छ । विशेषगरी सवारी दुर्घटना हुँदा ठूलो सवारीसाधनको मात्र दोष देखिने प्रवृत्तिको अन्त्य गर्न तथा दुर्घटना बिमाको सम्भावित दुरुपयोग रोक्न पनि यसले सहयोग पुर्‍याउने छ ।"

उनका अनुसार जिपिएस प्रणाली जडान भएपछि सवारीधनीले पनि आफ्नो गाडी कुन स्थानमा छ, कस्तो अवस्थामा सञ्चालन भइरहेको छ भन्ने जानकारी सहजै प्राप्त गर्न सक्नेछन् । यसले सवारीसाधनको नियमित अनुगमन, चालकको जिम्मेवारी र यात्रुको सुरक्षामा समेत सकारात्मक प्रभाव पार्ने विश्वास गरिएको छ ।

त्यस्तै, सार्वजनिक यातायातमा ड्यासक्यामेरा र सिसीक्यामेरा जडान भएपछि सवारीभित्र हुने गतिविधिको अभिलेख राख्न सकिने भएकाले विवाद समाधानमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको ट्राफिक प्रहरी प्रमुख काफ्लेले बताए ।

उता नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका केन्द्रीय अध्यक्ष सरोज सिटौलाले सार्वजनिक सेवाका गाडीमा ड्यासक्यामेरा र सिसीक्यामेरालगायतका प्रविधि जडान गर्ने कार्य यातायात व्यवसायीका लागि सकारात्मक कदम भएको बताए । उनले भने, "सार्वजनिक सेवाका सवारीमा ड्यासक्यामेरा, सिसीक्यामेरा र जिपिएस जडान गर्नु हाम्रा लागि राम्रो कुरा हो । तर त्यसका लागि सरकारले पनि स्पष्ट कार्यविधि ल्याउन आवश्यक छ । कार्यविधि बनेपछि हामी सबै सवारीसाधनमा जडान गरी अगाडि बढ्न तयार छौँ ।"

सार्वजनिक यातायात क्षेत्रलाई सुरक्षित, पारदर्शी र उत्तरदायी बनाउन प्रविधिको प्रयोग आवश्यक रहेको भन्दै यातायात व्यवसायीहरूले समेत गाडीमा ड्यासक्यामेरा र सिसीक्यामेरालगायत प्रविधि जडानमा प्रतिबद्धता जनाएका छन् ।

आगामी दिनमा उपत्यकाभित्र सञ्चालन हुने सबै सार्वजनिक सेवाका सवारीसाधनमा यस्तो प्रणाली अनिवार्य गराउँदै यात्रु सुरक्षा र सवारी व्यवस्थापनलाई अझ प्रभावकारी बनाउने योजना रहेको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिए ।

प्रविधिमार्फत सार्वजनिक यातायातको निगरानी बढेपछि दुर्घटना न्यूनीकरण, यात्रुको गुनासो सम्बोधन तथा चालक-सवारीधनीको जिम्मेवारी निर्धारणमा थप सहजता आउने अपेक्षा गरिएको उनको भनाइ छ ।

# उषालाई विद्यालय क्रिकेटको उपाधी




**◣युग संवाददाता**
**सुर्खेत, ९ असार ।**

वीरेन्द्रनगरमा भएको विद्यालयस्तरीय टी २० क्रिकेट प्रतियोगिताको उपाधि उषा बालबाटिमा आवासीय माविले उचालेको छ । मंगलबार भएको फाइनल खेलमा माउण्ट एभरेष्टमाथि १२ रनको जित निकाल्दै उषाले नगद ५१ हजारसहित उपाधि आफ्नो पोल्टामा पारेको हो ।

काल्ुंगचोक मैदानमा टस जितेर पहिला ब्याटिंग रोजेको उषाले निर्धारित २० ओभरमा अलआउट हुनुअघि ११८ रनको स्कोर खडा गर्यो । उषाका लागि मोहम्मद अफराज आलमले आक्रामक ब्याटिङ गर्दै २१ बलमा ६ चौका र १ छक्काको मद्दतले सर्वाधिक ३१ रन बनाए । त्यस्तै विकेटकिपर जेनिसराज भण्डारीले २० रन, कप्तान सुवास शाहीले १२ रन तथा शिव सुनारले १२ रनको योगदान दिए ।

माउन्ट एभरेष्टका बलर रमबेश शाहीले घातक बलिङ गर्दै महत्वपूर्ण ४ विकेट लिए भने उदियमान खेलाडीको उपाधि पाएका मिथुन बुढाले ३ विकेट लिए । ११९ रनको मध्यम चुनौति पछ्याउँदै मैदान उत्रिएको माउन्ट एभरेष्टले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १०६ रन मात्र बनाउन सक्यो ।

एभरेष्टका कप्तान मनिष ओलीले ६४ बलमा ९ चौका र १ छक्का प्रहार गर्दै ६२ रनको उत्कृष्ट इनिङ खेले पनि टोलीलाई जित दिलाउन सकेनन् । प्रतियोगिताभर २४३ रन बनाएका उनी सर्वोत्कृष्ट खेलाडी बने ।

एभरेष्टका लागि आयुष कोइरालाले २४ रन र यजुर्वेद गिरीले १० रन बनाएपनि अरु ब्याट्सम्यानहरू सस्तैमा समेटिएपछि उपविजेतामै चित्त बुझाउनुपर्यो । माउण्ट एभरेष्टका ब्याटरहरुलाई रोक्न बाल वाटिकाको जितमा कसिलो बलिङको मुख्य भूमिका रह्यो । बलर अस्मित बी.सी. ले ४ ओभरमा २ मेडन राख्दै मात्र ११ रन खर्चेर २ महत्वपूर्ण विकेट लिए ।

त्यस्तै, किरण चन्द र कप्तान सुवास शाहीले समान १-१ विकेट हात पारे । डेथ ओभरमा मिराज खड्का र मोहम्मद अफराज आलमले विकेट लिन नसके पनि किफायती बलिङ गरेर माउन्ट एभरेष्टका ब्याट्सम्यानहरूलाई दबाबमा राखे ।

कूल १३ विकेट लिने प्रज्ञा पाठशालाका रोनिश रावलले उत्कृष्ट बलरको उपाधि पाउँदा अनुशासित टिमको उपाधि पनि प्रज्ञाले नै पायो ।असार २ गतेबाट शुरु भएको प्रतियोगितामा २३ टोली सम्मिलित थिए ।

# भलमन्सालाई संरक्षण गर्दै धनगढी उपमहानगरपालिका

**◣युग संवाददाता**
**कैलाली, ९ असार ।**

धनगढी उपमहानगरपालिकाले 'थारू समुदायको भलमन्सा प्रथा संरक्षण तथा विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८३' तथा 'रानाथारू समुदायको पधना र भलमन्सा प्रथा संरक्षण तथा विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८३' सर्वसम्मत रूपमा स्वीकृत गरेको छ ।

उपमहानगरपालिकाको १५औँ नगरसभाले थारू तथा रानाथारू समुदायका परम्परागत सामाजिक संस्थाको संरक्षण, संवर्द्धन तथा विकासका लागि उक्त विधेयक सर्वसम्मत रुपमा स्वीकृत गरेको हो । आइतबार सम्पन्न नगरसभामा पेस गरिएका दुवै विधेयक स्वीकृत भएसँगै थारू तथा रानाथारू समुदायमा परम्परादेखि अभ्यास हुँदै आएका भलमन्सा र पधना प्रथाको संरक्षण, अभिलेखीकरण, संवर्द्धन तथा विकासका लागि स्थानीय तहमा कानुनी आधार तयार भएको उपमहानगरपालिकाका नगर उपप्रमुख कन्दकला रानाले जानकारी दिए ।

ती दुई समुदायमा परम्परादेखि प्रचलित भलमन्सा तथा पधना प्रणाली सामुदायिक सङ्गठन, सामाजिक सद्भाव, न्याय सम्पादन, विकास निर्माण, सांस्कृतिक संरक्षण तथा समाज सञ्चालनको महत्वपूर्ण परम्परागत संस्थागत अभ्यासका रूपमा रहँदै आएको जनाइएको छ ।

उपमहानगरपालिकाले यस्ता परम्परागत सामाजिक संस्थाको संरक्षण र प्रवर्द्धन गर्दै स्थानीय शासन प्रणालीसँग समन्वयात्मक रूपमा सञ्चालन गर्ने उद्देश्यले विधेयक ल्याएको जनाएको छ । विधेयकमा भलमन्सा तथा पधना प्रणालीको अभिलेखीकरण, संरक्षण, सम्वर्द्धन, विकास तथा अभ्यासलाई प्रोत्साहन गर्ने व्यवस्था गरिएको उपप्रमुख रानाको भनाइ छ ।

विधेयकले नेपालको संविधानले सुनिश्चित गरेको आदिवासी जनजातिका सांस्कृतिक अधिकार, परम्परागत ज्ञान, सीप, अभ्यास तथा संस्थागत संरचनाको संरक्षण र प्रवर्द्धन गर्ने राज्यको दायित्व कार्यान्वयनमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

उपमहानगरपालिकाले नयाँ कानुनमार्फत ती समुदायको सांस्कृतिक विरासतलाई जोगाउनुका साथै परम्परागत सामाजिक संस्थालाई स्थानीय शासन र विकास प्रक्रियासँग जोडेर थप प्रभावकारी बनाउने विश्वास व्यक्त गरेको छ ।

## कसरी...

आयोजनाका इक्वीप्मेन्ट सञ्चालन हुने स्थानमा निर्माण पूर्व भौगर्भिक अध्ययन गरेर पहिरो रोकथामका उपायहरु जस्तै नेलिङ, कङक्रिटिङ्ग, वायो इन्जिनियरिङ्ग अपनाइने जनाइएको छ ।

त्यस्तै, ध्वनि कम उत्पन्न गर्ने सामग्रीहरु प्राथमिकताका साथ प्रयोग गर्ने, आयोजनाले प्रयोग गर्ने सडकको बस्ति नजिक पर्ने वा बस्ति क्षेत्रको सडक खण्डमा आयोजनाले सुक्खा मौसममा दैनिक कम्तिमा दुईपटक पानी छर्कने व्यवस्था मिलाउने जनाइएको छ ।

ब्लास्टिङ गरिने समय तालिका प्रभावित क्षेत्रमा अग्रिम सूचना मार्फत् जानकारी दिने, आयोजनाले न्युनतम मासिक बहाबको १० प्रतिशत पानी अनिवार्य नियमित छाड्ने व्यवस्थापन मिलाइने जनाइएको छ । आयोजनाका कारण स्थानीय पूर्वाधारमा प्रभाव पर्न गएमा आयोजनाले आफ्नो सम्पूर्ण लागतमा पुनर्स्थापना गर्ने तथा सामुदायिक सहयोग कार्यक्रममा आयोजनाले कूल लागतको ०.५ प्रतिशत रकम विनियोजन गर्ने जनाएको छ ।


## शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति:२०८३।०३।०९ गते**

भेरीगंगा नगरपालिका अन्तर्गत सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजनाको सहयोगमा निर्माणहुने तपसिल खानेपानी तथा सरसफाइ योजनाको लागि आयोजनाको खरिद निर्देशिका बमोजिम खानेपानी योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्रीहरू, पाइपहरू तथा फिटीङ्गस् खरिद गर्नुपर्ने भएकोले दरभाउपत्रमा उल्लेखित परिमाण तथा दरभाउपत्र साथ उपलब्ध गराइएको स्पेशीफिकेशन बमोजिमको गुणस्तर र तौलका सामानहरू निम्न शर्तहरूको अधिनमा रही खरीद सप्लाई गर्न इच्छुक आधिकारीक फर्म वा सप्लाएरबाट शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

**तपसिल**

| शिलबन्दी दरभाउपत्र नम्बर | खानेपानी तथा सरसफाई योजनाको नाम | उपभोक्ता समितिको बैंक खाता नम्बर | शिलबन्दी दरभाउपत्रको अनुमानित रकम (भ्याट र ढुवानी बाहेकको) | ढुवानी रकम रु | दरभाउपत्र खरिद रकम (पछि फिर्ता नहुने गरि) | बोलपत्र जमानत वापतको रकम रु |
|---|---|---|---|---|---|---|
| WASH/SQ/ 06/082/083 | चिसेखोली एकताटोल हरीयालिटोल खानेपानी तथा सरसफाई मर्मत योजना, भेरीगंगा - ६, सुर्खेत | ०७२१००५७७६३२७७०१३ (कृषि बिकास बैंक लि) | २९,६४,६२९।९० | २०,५४८।८२ | ३०००।० | ७४,७००।० |
| WASH/SQ/ 07/082-083 | चिसेखोली एकताटोल हरीयालिटोल खानेपानी तथा सरसफाई मर्मत योजना, भेरीगंगा - ६, सुर्खेत (लिफ्टीङ्ग कार्य) | | १४,६१,९५९।२० | ४२,०००।० | १०००।० | ३७,६००।० |

**शर्तहरुः**

१. विभिन्न आवश्यक निर्माण सामग्री, पाइप तथा फिटीङ्गसहरु सप्लाइ सम्बन्धी दरभाउपत्र फारम प्रति फारम माथि उल्लेखित शुल्क (फिर्ता नहुने) कृषि बिकास बैंक छिन्चु शाखामा रहेको भेरीगंगा न.पा.को आन्तरिक राजस्व खाता नं ०७२१००११४६०३७२२१ मा नगद रकम दाखिला गरेको भौचर वा भेरीगंगा नगरपालिकाको राजश्व शाखावाट रकम दाखिला गरेको भौचरको प्रतिलिपि पेश गरेमा खरिद गर्न पाईनेछ र दरभाउपत्र पेश गर्दा सम्बन्धित उपभोक्ता समितिको नाममा बैंकमा रहेको खाता नम्बरमा बैंक ग्यारेन्टी सहीत लिखित निवेदनको साथमा सिलबन्दी दरभाउपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रूपमा गरेको स्वः घोषणाको सक्कल प्रतिलिपि, फर्म दर्ता, मूल्य अभिवृद्धि कर दर्ता, अद्यावधिक कर चुक्ताको प्रमाणपत्रहरू नोटरी पब्लिक फर्मबाट प्रमाणित भएको प्रतिलिपिहरू सहित यो सूचना प्रकाशित भएको मितिले पन्ध्रौं दिनको (२०८३।०३।२३ गते) कार्यालय समय भित्र गाउँकार्यपालिकाको कार्यालय वा आयोजना सहयोग इकाई, सुर्खेत वाट खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएको दरभाउपत्र फारामहरू रीतपूर्वक भरी सूचना प्रकाशित भएको सोह्रौं दिनको १२ बजे भित्र प्रचलित कानुन बमोजिम बैंक ग्यारेन्टी जारी गर्न योग्य वाणिज्य बैंक वा वित्तीय संस्थाबाट न्यूनतम दाखिला गर्ने अन्तिम मितिबाट ४५ दिनलाई मान्य बोलपत्र जमानत सहितको ग्यारेन्टी पत्र वा सम्बन्धित उपभोक्ताको समितिको बैकमा रहेको खाता नम्बरमा नगदै जम्मा गरेको सक्कलै भौचर र उपभोक्ता समितिको अध्यक्षलाई निवेदन सहित फाराम खरिद गरिएको कार्यालयमा दर्ता गराउनु पर्नेछ भने सप्लार्यसले कुनै एक वा सबै योजनाको लागि दरभाउ पत्र पेस गर्न सक्नेछ तर सो दरभाउ पत्रहरू प्रत्येक योजनाको फरक फरक भरि छुट्टा छुट्टै सिलबन्दी गरेको हुनुपर्ने छ । दरभाउपत्र फाराम सिलबन्दी गरी सिलबन्दी दरभाउपत्र नं, उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरू, पाइप तथा फिटीङ्गस् सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने ब्यहोरा लेख्नुपर्नेछ ।

३. सम्भावित सप्लायर र आपूर्तिकर्ताहरूलाई खरिदको सूचना प्रकाशन भएको मितिले बाह्रौं दिन दरभाउपत्र फारम तथा खरिद गर्ने सामाग्रीहरूको स्पेसीफिकेसन वा कोटेसन पेस गर्ने तरिका आदिका बारेमा जानकारी दिन **Pre-Bid Meeting** गरिनेछ । यस्तो बैठक नगरपालिका कार्यालयमा ब्यक्तिगतभेला गरेर वा दुरुस्त अनलाईन माध्यम वाट समेत गर्न सकिनेछ । साथै सप्लाएर आपूर्तिकर्ताबाट यस्तो जानकारी माग भएमा कुनै पनि समय इमेल वा पत्रको माध्यमबाट समेत दिइनेछ र सो को जानकारी अन्य सप्लाएर आपूर्तिकर्तालाई समेत दिइनेछ,

४. सफल दरभाउ पत्र दाताले दरभाउ पत्रको जम्मा अनुमानित रकमको १५ प्रतिशत भन्दा कम घटि भएमा ५ प्रतिशत र बढि घटि भएमा कार्य सम्पादन जमानत रकम रु = [०.८५ × लागत अनुमान – कबोल मूल्य) ×०.५]+५% कबोल मूल्यको हिसाब गरी कार्य सम्पादन जमानत रकम सम्बन्धित उपभोक्ताको समितिको बैक खातामा जम्मा गर्न पर्नेछ ।

५. सिलबन्दी दरभाउपत्र पेस गर्दा सप्लाएरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेस गर्न सकिनेछ । हुलाक वा कुरियर मार्फत पठाइएको सिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले सोह्रौँ दिनको १२ (२०८३।०३।२४) बजे भित्र प्राप्त हुनेगरी भेरीगंगा न.पा. वा वास ईकाई भेरीगंगामा पेश गर्न सकिनेछ ।

६. सप्लाई हुने सामग्रीहरूको भुक्तानी उपभोक्ता समितिले तोकिएको स्थान सम्म ढुवानी भै सामग्रीहरू प्राविधिक तथा सम्बन्धित उपभोक्ता समितिले चेकजाँच गरेपछि मात्र सप्लाइ भएको सामानको भुक्तानी दिइनेछ ।

७. उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरू मिति २०८३।०३।२५ गते मा नगरकार्यपालिकाको कार्यालय छिन्चु, सुर्खेतमा खरिद समितिका प्रतिनिधिहरू तथा साझेदार कार्यालयका प्रतिनिधिहरू र दरभाउपत्र दाताहरू वा निजहरूको प्रतिनिधिको रोहबरमा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा समेत दरभाउपत्र खोल्न बाधा पुग्नेछैन ।

८. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनहरूमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन बिक्री गरिने, दर्ता गरिने वा खोलिनेछ ।

९. म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

१०. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरूमा सुरक्षित रहनेछ ।

११. यस सम्बन्धी थप शर्तहरू दरभाउपत्र फाराम साथै उपलब्ध गराइनेछ । अन्य शर्तहरू आयोजनाको खरिद कार्यविधि बमोजिम हुनेछ ।

१२. यो सूचनामा केही संशोधन गर्नु परेमा सो को सूचना नगरपालिकाको सुचना पाटीमा टाँस गरिनेछ ।

१३. अन्य थप जानकारी चाहिएमा भेरिगंगा नगरपालिका सुर्खेत अन्तर्गत खानेपानी, सरसफाइ तथा स्वच्छता इकाई (मोवाईल नम्बर ९८४८३५६१३२ र ९७०४६२६७३८) मा सम्पर्क गर्न सकिनेछ ।

**खरिद समिति**



## गौरीगङ्गा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**चौमाला, कैलाली**
**सुदूरपश्चिम प्रदेश , नेपाल**

### चमरैता तालमा माछा पालन तथा बिक्री वितरण कार्य गर्न ताल ठेक्का सम्बन्धी सिलवन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

**सूचना प्रकाशन मिति : २०८३/०३।१०**

यस नगरपालिकाको वडा नं.११ स्थित चमरैया तालमा माछापालन तथा बिक्री वितरण कार्य गर्न ५ वर्ष अवधि सम्मका लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएको हुँदा ईच्छुक व्यक्ति,फर्म वा कम्पनीहरुबाट तपसिल बमोजिमको सर्तहरूको अधिनमा रही शिलबन्दी दरभाउपत्र पेश गर्न सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र गौरीगङ्गा नगरपालिका आन्तरिक आय सङ्कलन ठेक्का कार्यबिधि,२०८० को दफा ३ बमोजिम १५ दिन भित्र शिलबन्दी दरभाउपत्र आह्वान गरीएको छ ।

| क्र. स | दरभाउपत्र नं. | कार्यविवरण | पहिलो वर्षको न्यूनतम ठेक्का रकम (मु.अ.कर बाहेक) | दरभाउपत्र दस्तुर (रू.) | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | GGM/ R09/2082/083 | चमरैया तालमा माछापालन तथा बिक्री वितरण गौरीगंगा न.पा ११ | रु. ८,००,०००/- (आठ लाख मात्र) | १०००/- | कवोल अंकको ५% प्रतिशत | |

यस सूचना सम्बन्धी थप जानकारी गौरीगंगा नगरपालिकाको WEBSITE: www.gaurigangamun.gov.np मा राखिएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# राजस्वको लक्ष्य पूरा

**युग संवाददाता**
**कैलाली, ९ असार ।**

कैलालीको टीकापुर नगरपालिकाले एक महिना अगाडि नै चालु आर्थिक वर्षको राजस्वको लक्ष्य पूरा गरेको छ। चालु आर्थिक वर्षमा रु आठ करोड ५० लाखआन्तरिक राजस्व सङ्कलन गर्ने लक्ष्य लिएको नगरपालिकाले जेठ महिनामै लक्ष्य पूरा गरेको हो।

नगरपालिकाले चालु आवको ११ महिनामा रु आठ करोड ६९ लाख २७ हजार ६९० राजस्व सङ्कलन गरेको राजस्व शाखा प्रमुख नन्द केसीले जानकारी दिएका छन्। शाखा प्रमुख केसीका अनुसार चालू आर्थिक वर्षमा रु नौ करोडभन्दा बढी राजस्व सङ्कलन हुनसक्ने अनुमान गरेका छन्।

नगरपालिकाको सङ्कलन भएको राजस्वको आधा हिस्सा सम्पत्ति कर रहेको छ। सम्पत्ति करबाट रु चार करोड १२ लाख ३९ हजार ५२० राजस्व सङ्कलन भएको छ भने पर्यटन शुल्कबाट रु एक करोड ३२ लाख दुई हजार ८४० सङ्कलन गरेको छ। "पर्यटन शुल्क टीकापुर पार्कको हो। पार्क अवलोकन गर्न आएका पर्यटकबाट सङ्कलन भएको यो अहिलेसम्मकै ठूलो रकम हो", उनले भने, "यस वर्ष पार्क प्रवेश शुल्क वृद्धि भएका कारण यति राजस्व पर्यटन शुल्कबाट सङ्कलन भएको हो।" जेठसम्म दुई लाखभन्दा बढी पर्यटकले टीकापुर पार्कको अवलोकन गरेका छन्।

नगरपालिकाले २० वटा शीर्षकमा राजस्व सङ्कलन गर्दै आएको छ। सरकारी सम्पत्तिको बहालबाट प्राप्त हुने आय भने नगरपालिकाको निकै घटेको छ। नगरपालिकाको भवन बाहिर रहेका सपिङ कम्प्लेक्स भवनबाट मासिक लाखौँ भाडाबापतको रकम सङ्कलन हुनुपर्ने हो। तर, जेठ महिनासम्म रु २३ लाख २६ हजार ६६१ मात्रै सङ्कलन भएको छ। जहाँ अहिलेसम्म झण्डै रु तीन करोड बक्यौता बाँकी छ।

व्यापारी र नगरपालिकाबीच भाडाको विषयमा चलिरहेको द्वन्द्वले व्यापारीले भाडा तिर्न छोडेका छन्। सम्झौता अवधि सकिएका व्यापारीहरूसँग नगरपालिकाले नयाँ सम्झौता पनि गर्न सकेको छैन। अहिले अधिकांश व्यापारी सम्झौताबिना नै सपिङ कम्प्लेक्सको सटरमा बसिरहेका छन्।

नगरपालिकामा आन्तरिक राजस्वका अन्य थुप्रै स्रोत भए पनि त्यसको परिचालन हुन नसकेको स्थानीयको गुनासो छ। "बर्सेनि करको दर बढाएर राजस्वको लक्ष्य हाँसिल गर्नुभन्दा करका दायरा बढाउन नगरपालिका अग्रसर हुनुपर्छ", स्थानीय मनोज रावल भन्नुहुन्छ, "अहिले पनि हामी राजस्व तिर्न तयार छौँ, हाम्रो दर्ता र नवीकरण प्रक्रिया नगरपालिकाले सुरु गर्नुपर्ने भनेर एक हजारभन्दा बढी अटोरिक्सा प्रतीक्षामा छन्। तिनको व्यवस्थापन गर्नसके अझै राजस्व बढाउन सकिन्थ्यो।"

नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी ओडले पनि राजस्वको लक्ष्य हासिल गर्नु ठूलो कुरा नभई आवश्यकता र औचित्यका आधारमा करको राजस्वका दर बाँडफाँट हुनुपर्ने बताए। उनले राजस्वका स्रोतको पहिचान गर्दा स्थानीयको भावनाको सम्मान गर्दै वातावरण अनुकूल दरको निर्धारण गर्दा राम्रो हुने बताए।

# कर्णालीसहित तीन प्रदेशमा 'प्रतिबद्ध-४' परियोजना शुभारम्भ

**युग संवाददाता**
**सुर्खेत, ९ असार ।**

पहिरो तथा भूकम्पीय जोखिम क्षेत्रमा रहेका पश्चिम नेपालका स्थानीय तह र समुदायको उत्थानशीलता बढाउन कर्णालीसहित तीन प्रदेशमा 'प्रतिबद्ध-४' परियोजना शुभारम्भ भएको छ। पिपल ईन निड (पिन)अन्तर्गत 'प्रतिबद्ध-३' को समापनसँगै 'प्रतिबद्ध-४' परियोजना शुभारम्भ भएको हो।

मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय कर्णाली प्रदेश सुर्खेतद्वारा सोमबार वीरेन्द्रनगरमा आयोजित 'प्रतिबद्ध-३ समापन तथा प्रतिबद्ध-४ शुभारम्भ कार्यक्रम'मा 'प्रतिबद्ध-४' परियोजना लागुबारे जानकारी दिइएको थियो।

उक्त कार्यक्रममा पिन कर्णाली प्रदेश संयोजक उज्ज्वल अधिकारीले युरोपियन युनियनको आर्थिक सहयोगमा पिपल ईन निड, आत्मनिर्भर सेवा केन्द्र, सेभ द चिल्ड्रेन ईन्टरनेशनल र स्कट विल्सन नेपालको साझेदारीमा प्रतिबद्ध-४ परियोजना लागू भएको बताए।

कार्यक्रममा प्रदेश संयोजक अधिकारीले ३० करोड ५७ लाख ९७ हजार ९६० बजेटमा सञ्चालित 'प्रतिबद्ध-३' परियोजनाका मुख्य कार्य, सिकाइ, चुनौती र अपेक्षाका बारेमा आफ्नो प्रस्तुति राखेका थिए। उनका अनुसार बाग्मती, लुम्बिनी, कर्णाली र सुदूरपश्चिमका १० स्थानीय तहमा सन् २०२४-२०२६ जुनसम्म 'प्रतिबद्ध-३' को कार्यावधि सम्पन्न भएसँगै 'प्रतिबद्ध-४' लागू गरिएको छ।




> "शान्ति सुरक्षा तथा विपद् व्यवस्थापन महाशाखा प्रमुख उत्तम गौतमले प्रतिबद्ध परियोजनाले बारेकोट गाउँपालिका र नलगाड नगरपालिकाका समुदायमा राम्रो प्रभाव परेको बताए।

परियोजनाका व्यवस्थापक शालिकराम घिमिरेले 'प्रतिबद्ध-४' को परिचय, प्राथमिकता क्षेत्र, उद्देश्य, योजना तथा साधन स्रोत, सङ्कट अनुकूलन कोष र कार्यान्वयनको ढाँचाबारे आफ्नो प्रस्तुति राख्दै सुदूरपश्चिम प्रदेशको बझाङ जिल्लाको केदारस्यु र थलारा गाउँपालिका, कर्णाली प्रदेशको जाजरकोटको बारेकोट गाउँपालिका र नलगाड नगरपालिका, लुम्बिनी प्रदेशको प्यूठानको सरुमारानी र माण्डवी गाउँपालिकामा उक्त परियोजना लागू भएको बताए। उनका अनुसार सो परियोजना सञ्चालनका लागि रु १५ करोड ८४ लाख ७२ हजार २५६ बजेट रहेको छ।

कार्यक्रममा कर्णाली प्रदेश सरकारका निमित्त प्रमुख सचिव विपीन आचार्यले कर्णालीजस्तो उच्च जोखिम भएको भूगोलमा प्रतिबद्ध परियोजनाको निरन्तरताले विपद् पूर्वतयारी, प्रतिकार्य, राहत, उद्धार तथा पुनःस्थापनामा सहयोग पुग्ने बताए। परियोजनालाई बढाएर लिन सकिए यहाँका नागरिकका लागि टेवा पुग्ने र विपद् जोखिम तथ्याङ्क अभिलेखीकरण पनि हुने उनको भनाइ थियो।

प्रदेश सचिव लक्ष्मीकुमार विकले सामुदायिक विपद् व्यवस्थापन समितिलाई वडासँग जोडेर लैजान र बाढी, पहिरोजस्ता विपद्का सूचना एकैपटक लिन सकिने संयन्त्र निर्माण गरी अगाडि बढ्न सुझाए। शान्ति सुरक्षा तथा विपद् व्यवस्थापन महाशाखा प्रमुख उत्तम गौतमले प्रतिबद्ध परियोजनाले बारेकोट गाउँपालिका र नलगाड नगरपालिकाका समुदायमा राम्रो प्रभाव परेको बताए। उनका अनुसार परियोजनामार्फत स्थानीयको क्षमता विकास र बायोइन्जिनिरिङका क्षेत्रमा पनि असल अभ्यास भएका छन्।

पिपल ईन निड (पिन)का देशीय निर्देशक सिमोन डी भिसेन्जले बाढी, पहिरो र भूकम्पको उच्च जोखिम भएका प्रदेशका जिल्लाका स्थानीय तहमा रहेर परियोजनाले काम गर्दै आइरहेको बताए। विपद् संवेदनशीलतालाई ध्यानमा राखेर कर्णालीजस्ता विकट भूगोलमा रहेका नागरिकलाई जोखिमबाट बचाउन, तत्काल अस्थायी आवासको व्यवस्थापन, विपद् सचेतना, समुदायको क्षमता अभिवृद्धि, बहुप्रकोप पूर्वतयारी र पूर्वकार्य सुदृढीकरणका लागि सामाजिक सहभागितामूलक पहलमा जोड दिइएको निर्देशक भिसेन्जले बताए।

उक्त कार्यक्रममा परियोजनाले हालसम्म हासिल गरेका उपलब्धि, सिकाइ, चुनौती र प्रभावका बारेमा समीक्षा गर्दै असल अभ्यासहरूको पहिचान, दस्तावेजीकरण र त्यसको दिगोपन सुनिश्चितता गर्नु प्रमुख आवश्यकता रहेको औँल्याइएको थियो।

# जुम्लामा खानेपानी र सिँचाइका ९४ योजना कार्यान्वयनमा

**युग संवाददाता**
**जुम्ला, ९ असार ।**

खानेपानी सिँचाइ तथा ऊर्जा विकास कार्यालयले चालु आर्थिक वर्षभित्रमा खानेपानी, सिँचाइ, नदी नियन्त्रण र ऊर्जासम्बन्धी करिब ९४योजना कार्यान्वयनको अन्तिम चरणमा पुऱ्याएको छ।

कर्णाली प्रदेशको जलस्रोत तथा ऊर्जा विकस मन्त्रालयबाट स्वाकृति भई आएका ९४ वटा योजनामध्ये ८५ वटा योजना उपभोक्ता समितिसँग सम्झौता भई अहिलेसम्म ५० बाट योजना निर्माण सम्पन्न भएका छन्।

नौ वटा योजना ठेक्का भई हालसम्म सात वटा योजना निर्माण सम्पन्न भएको खानेपानी सिँचाइ तथा ऊर्जा विकास कार्यालय जुम्लाका प्रमुख अकलबहादुर महतले जानकारी दिए।

उक्त योजनामध्ये यहाकाँ आठवटै स्थानीय तहका लागि मन्त्रालयबाट क्रमागत सिँचाइका ७३ वटा योजना रहेका छन्। १७ वटा योजना तटबन्धन र खानेपानीका २५ वटा योजना यो आर्थिक वर्षभित्र सम्पन्न हुने कार्यालय प्रमुख महतको भनाइ छ।

खानेपानी, सिँचाइ, नदी नियन्त्रण र ऊर्जासम्बन्धी योजनालाई विशेष प्राथमिकतामा राखेर योजनालाई कार्यान्वयन गरिने भएको छ।

कार्यालयले सञ्चालन गरेका सिँचाइ आयोजनाबाट यहाँका जमिनमा सिँचाइ सुविधा विस्तार भई खेतीयोग्य जमिनमा स्तरोन्नति भएको छ। चालु आवको जेठसम्म कूल बजेटको पुँजीगत खर्च करिब ५० प्रतिशत खर्च भएको खानेपानी सिँचाइ तथा ऊर्जा विकास कार्यालय जुम्लाले जनाएको छ।

## अत्याधिक...

तीव्रता बढ्दै गएको छ। समयमै वर्षा नहुँदा तापक्रम थप वृद्धि हुने र जनस्वास्थ्यमा गम्भीर असर पर्न सक्ने भएकाले स्थानीय तह, विद्यालय, अभिभावक तथा समुदाय सबैले सचेतना र सावधानी अपनाउन आवश्यक देखिएको छ। अहिलेको मौसममा बालबालिकाको स्वास्थ्य सुरक्षा र श्रमिकहरूको जीवनरक्षालाई प्राथमिकतामा राख्दै आवश्यक सतर्कता अपनाउनु नै सबैभन्दा प्रभावकारी उपाय हुने सरोकारवालाहरूको भनाइ छ।

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा श्री डिल बहादुर सुनार धनि रहेको, दर्ता नम्बर ९१६२/०७८/०७९ बाट चिङ्गाड गा.पा-०६, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको दलित पशुपंक्षी पालन तथा कृषि फर्म नामको प्राइभेट उद्योग हाम्रो घरायसी कारणले खारेजी गर्न'पर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैत्तिस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरु
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्स्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मोः नं ९८४८०७६८५६ (डी.बी. राना)

यूनिक डेण्टल
मो. ९८४५९८७९३३, ९८१३१९६५०० केयर होम

Dental Tips
1.फ्लोराइड भएको टूथपेस्टले दिनमा २ पटक ब्रस गर्ने
2.मिठाई, जङ्क फुड र कोल्ड ड्रिङ्क जस्ता दाँतमा टाँसिने कुराहरू कम खाने।
3.६ महिनामा एक पटक दन्त चिकित्सकलाई चेक–अप गराउने।

हाम्रो विशेष दन्त प्याकेज
विवाह प्याकेजहरू 15% छुट
आर्मी सेलेक्सन प्याकेज 25% छुट
जागिरे प्याकेज 20% छुट
विद्यार्थी प्याकेज 25% छुट
व्यापारी प्याकेज 20% छुट

डा. शक्ति वि क
जेनरल एस्थेटिक डेण्टिष्ट
NMC No. २६२६०

डा. मुक्ति रानाभाट
कन्सलटेण्ट अर्थोडोण्टिष्ट
NMC No. १४९९३

पश्चिम नेपालकै सबै भन्दा ठूलो २८x४० साईजको मेसिनबाट छपाई
RARA Printing Pvt.Ltd.
रारा प्रिन्टीङ्ग प्रा.लि.
Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)



Book & Copy Printing
Packaging Box Printing
Wedding Card Printing
Stamp
Fiber Bag Printing

हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।
सम्पर्क नं.
९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

युगआह्वान दैनिकका लागि प्रकाशक/सम्पादकः दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादकः ओम बहादुर शाही, प्रधान कार्यालयः वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेटः कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालयः सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोनः ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रणः रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।